मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# शुभकामना

हिमालीलगायत विभिन्न क्षेत्रमा बसोबास गर्ने आदिवासी शेर्पालगायत बौद्ध धर्माबलम्बी समुदायले मनाउने ग्याल्पो ल्होसार पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, समुन्नति र दीर्घजीवनको शुभकामना व्यक्त गर्दछु ।

शेर्पा समुदायले ल्होसार सुरु हुनु एक महिना अघिदेखि नै तयारीमा लागेर १५ दिनसम्म बुद्धले ऋद्धि शक्तिमाथि विजयी प्राप्त गरेको सम्झनामा विशेष कार्यक्रम गरी यो पर्व मनाउँदै आएका छन् । उनीहरूले सम्बोटा लिपिलाई सेतो पिठो प्रयोग गरेर घरको खम्बा, भित्ता एवं दलिनमा टाँसी देलेकु भन्ने वाक्यांश र अष्ट मङ्गलका चिन्हहरूले घर सजाउने गर्दछन् ।

यो प्रदेश र देश बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विशेषता युक्त छ । यस देश र प्रदेशमा प्रत्येक जाति र समुदायमा आआफ्नै संस्कार, संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा, पहिचान र सभ्यता विद्यमान छन् । प्रदेश सरकार सबै जाति र समुदायका यस्ता मौलिक विशेषता, पहिचान र सभ्यताको संरक्षण र संवर्धन गर्न क्रियाशील एवम् प्रतिबद्ध छ ।

ग्याल्पो ल्होसार पर्वले सम्पूर्ण नेपालीका बिचमा बन्धुत्व, प्रेम, सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकताको सूत्रलाई बलियो बनाउनेमा विश्वस्त छु । अतः आफ्नै मौलिक संस्कृति र पहिचानले सम्पन्न भएको यस ल्होसार पर्वका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८० फागुन २८ गते सोमबार
नेपाल संवत् : ११४४ चिल्लाथ्व पारू

केदार कार्की
मुख्यमन्त्री